# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौंको

## समाचार तथा लेख रचना पठाउने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०८०/१०/०४ गते)

विभिन्न पत्रपत्रिका, अनलाईन सञ्चार माध्यम, टि.भी., एफ.एम रेडियोबाट प्रकाशित तथा प्रसारित सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणमा योगदान पुर्याउने समाचार तथा लेख रचनालाई पुरस्कृत गर्नको लागि  समाचार तथा लेख रचना सङ्कलन गर्न यो सूचना प्रकाशित गरिएकोछ।

१. समाचार तथा लेख रचनाको विषयवस्तुः  सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित हुनुपर्नेछ।
२. समाचार तथा लेख रचना गत आर्थिक बर्षको माघ महिना देखि चालु आर्थिक बर्षको पुसमसान्तसम्म प्रकाशित तथा प्रसारित भएको हुनु पर्नेछ।
३. लेख रचनाको शब्द सीमाः  न्युनतम सात सय शब्दको हुनुपर्ने र समाचारको हकमा शब्द सीमा तोकिएको छैन।
४. भाषाः नेपाली वा अंग्रेजी ।
५. समाचार तथा लेख रचना पठाउने माध्यम, ठेगानाः अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता गर्न सकिने वा यस आयोगको ईमेलः suchana@ciaa.gov.np मा पठाउन सकिनेछ। साथै, श्रव्य दृश्य सामाग्रीको हकमा ईमेलमा अपलोड हुन नसकेमा पेनड्राइभ वा सी.डी. मा राखी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालमा पेश गर्न सकिनेछ।
६. समाचार तथा लेख रचना पठाउने अन्तिम मितिः २०८०।१०।१९ गते शुक्रवार ४:०० बजेसम्म ।
७. पुरस्कारः समाचार तर्फ (पत्रपत्रिका, अनलाइन, टीभी र रेडियो/एफ. एम. रेडियो) चार जना र लेख रचनाको हकमा एक जनालाई गरी जम्मा पाँच जनालाई जनहि २०,०००/- (बीस हजार) नगद र कदरपत्रसहित आयोगको स्थापना दिवस २०८० माघ २८ गतेको अवसरमा आयोजित कार्यक्रममा पुरस्कृत गरिनेछ।
८. समाचार तथा लेख रचना पठाउदा संलग्न फारम भरी सँगै पठाउनु पर्नेछ।
९. समाचार प्रकाशन तथा प्रसारण भएको सञ्चार संस्था कानून बमोजिम नवीकरण तथा अद्यावधिक भएको हुनुपर्नेछ ।
१०. समाचारको हकमा पत्रकार आचारसंहिता र राष्ट्रिय आम सञ्चार नीति, २०७३ बमोजिम कारबाहीमा नपरेको हुनुपर्नेछ।
११. यस सम्बन्धी थप जानकारीका लागि साथै फोन नं ०१५२६२३८५ वा मोबाईल नं ९८५११८७३०८ मा सम्पर्क गर्न सकिनेछ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

टंगाल, काठमाडौंको

<u>समाचार तथा लेख रचना पठाउँदा भर्नुपर्ने फारम</u>

## १. समाचार पठाउँदा भर्नुपर्ने फारम

| | |
|---|---|
| १. | पुरा नाम थर :- |
| २. | ठेगाना :- |
| ३. | ईमेल र मोवाइल नम्बर :- |
| ४. | संलग्न संस्था/ सञ्चार माध्यम :- |
| ५. | समाचारको शीर्षक र प्रकाशित मिति :- |
| ६. | संलग्न संस्था नवीकरण भए/नभएको :- |
| ७. | पत्रकारिताको आचरण विपरितका कार्य गरी कारवाहीमा परे/नपरेको :- |
| ८. | हस्ताक्षर र मिति :- |

## २.लेख रचना पठाउँदा भर्नुपर्ने फारम

| | |
|---|---|
| १. | पुरा नाम थर :- |
| २. | ठेगाना :- |
| ३. | ईमेल र मोवाइल नम्बर :- |
| ४. | लेख रचनाको शीर्षक :- |
| ५. | प्रकाशन गरिएको माध्यम र मिति :- |
| ६. | हस्ताक्षर र मिति :- |